# चौथो राष्ट्रिय सामुदायिक वन गोष्ठीः एक समिक्षा

—— दुर्गा राज निरौला

## परिचय

विगत २५ वर्षको अभ्यासले सामुदायिक वन कार्यक्रम नेपालको एक सफल कार्यक्रमका रूपमा स्थापीत भएको छ । यस कार्यक्रमबाट स्थानीय वासीन्दाको वनमा संस्थागत पहुँच बढेको छ । हरियाली लगायत जैविक विवीधता र भू-परिधीमा गुणात्मक सुधार भएको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । यस कार्यक्रमको कार्यान्वयनबाट हालसम्म नेपालका १४ लाख घरधुरी (कुल जनसंख्याको ३५ प्रतिशत) १३,३०० भन्दा बढी उपभोक्ता समूहमा आवद्ध भै सकेका छन् । ११ लाख हेक्टर भन्दा बढी वन क्षेत्र (राष्ट्रिय वनको २५ प्रतिशत) सामुदायिक वनको रूपमा हस्तान्तरण भैसकेको छ (वन विभाग, २०६१) ।

शुरूका वर्षहरूमा नासीदै गएको वन क्षेत्रलाई हराभरा बनाउन जरूरी भएकोले वनको संरक्षणलाई जोड दिइयो । समयको अन्तरालसंगै सामुदायिक वन बाट प्राप्त अनुभव, आइपरेका वाधा अड्चन र देखा परेका सवालहरूलाई समय सापेक्ष रूपमा संवोधन गर्दै जादा वन संरक्षणको सट्टा सक्रिय वन व्यवस्थापनलाई महत्व दिदै आएको देखिन्छ । यसका साथै उपभोक्ता समूह र जिल्ला वन कार्यालयको सकृयतामा सुरू भएको सामुदायिक वन कार्यक्रममा विभिन्न सरोकालवाला समूहहरू जस्तैः दातृ संस्था, परियोजना, गैह्रसरकारी संस्था, उपभोक्ता समूहका सञ्जाल, स्थानीय निकाय समेत यस कार्यक्रममा संलग्न हुन थालेका छन् । यी सरोकारवालाले संगालेका अनुभव आदान-प्रदान गर्दै आगामी दिनमा सामुदायिक वन कार्यक्रमलाई समय सापेक्ष बनाउँदै, परिमार्जन गर्दै अगाडि बढाउनु पर्ने भएकोले सबै सरोकार वाला समूहको सहभागीतामा सामुदायिक वन महाशाखा, वन विभागले प्रत्येक ५/५ वर्षमा राष्ट्रिय गोष्ठी संचालन गर्दै आएको छ । यसै क्रममा वि.सं. २०४४ सालमा प्रथम राष्ट्रिय गोष्ठी वाट शुरू भै वि.सं. २०६१ सालमा चौथो राष्ट्रिय सामुदायिक वन गोष्ठी सम्पन्न भैसकेको छ ।

यस लेखले सामुदायिक वनका चारवटा राष्ट्रिय गोष्ठीको समिक्षात्मक विवेचना गर्दै चौथो राष्ट्रिय गोष्ठीको उद्देश्य, छलफलका मूलभूत विषयहरू र गोष्ठीको निचोडको बारेमा जानकारी दिने प्रयास गरेको छ ।

## सामुदायिक वनका विगतका राष्ट्रिय गोष्ठीहरु

वि.सं. २०४४ सालमा प्रथम राष्ट्रिय सामुदायिक वन गोष्ठी सञ्चालन भएको थियो । वनको व्यवस्थापनलाई जोड दिंदै यस गोष्ठीमा नीति, नीयम, तथा संस्थागत पक्षमा छलफल गरियो । सामुदायिक वन उपभोक्ता समूहलाई औपचारीक मान्यता दिनुका साथै वन क्षेत्रको गुरू योजना तथा वन ऐन २०४९ को तयारीमा यस गोष्ठीले महत्वपूर्ण योगदान पुऱ्याएको थियो । त्यसै गरी वि.सं. २०४९ सालमा सञ्चालित दोस्रो राष्ट्रिय गोष्ठीले वन विभागको सांगठनीक पक्ष, तलदेखिको योजना तर्जुमा परिपाटी, तालिम तथा प्रचार-प्रसार, उपभोक्ता समूहको सञ्जाल तथा गैर सरकारी संस्थाको संलग्नताका विषयमा छलफल गरी निचोड निकालेको थियो । दोस्रो गोष्ठीले उपभोक्ता समूहको गठन पश्चात्का सहयोगमा जोड दिंदै वन नियमावली २०५१ को तयारीमा योगदान पुऱ्याएको थियो ।

वि.सं. २०५० को दशकमा सामुदायिक वनका सरोकारवालाहरूले आ-आफ्नै शैलीमा कार्यक्रम सञ्चालन गर्दै आएका र यिनीहरू बीचमा आपसी समन्वयको कमी महशुस भै सबै सरोकालवालालाई समावेस गरेर सामुदायिक वनको साझा दृष्टिकोण तयार गर्नु पर्ने आवश्यकता खड्कियो । त्यसैले सबै सरोकारवालालाई एउटै भेलामा जम्मा गरी अनुभव आदान-प्रदानद्वारा भविष्यको रेखाङ्कन गर्न वि.सं. २०५५ सालमा तेस्रो राष्ट्रिय सामुदायिक वन गोष्ठी आयोजना गरियो । प्रथम र दोस्रो गोष्ठीको विपरित तेस्रो राष्ट्रिय गोष्ठीमा कार्यपत्रहरू प्रस्तुत नगरी खुला छलफलबाट सामुदायिक वनको दुरदृष्टि तयार गरियो । संस्थागत क्षमताको विकास, वन, वातावरण तथा जैविक विवीधता, सामुदायिक स्रोत व्यवस्थापन र सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षमा सामुदायिक वनको दुरदृष्टि तयार गरियो । यी दुरदृष्टि प्राप्तीको लागि पहिचान गरिएका ६ वटा सरोकारवाला समूहले आफ्नो प्रतिवद्धता सहित विस्तृत कार्य योजना बनाएका थिए । (आचार्य, श्रेष्ठ र निरौला, २०५५) ।

## चौथो राष्ट्रिय सामुदायिक वन गोष्ठी

वन क्षेत्रको समन्वय समिति (एफ.एस.सी.सी.) ले पहिचान गरेका ३ वटा मूलभूत विषय - दिगो वन व्यवस्थापन, जिवीकोपार्जन र असल शासन नै चौथो गोष्ठीका मूलभूत विषय वने । तेस्रो राष्ट्रिय गोष्ठीले तय गरेका दुरदृष्टि तथा कार्ययोजनालाई पुनरावलोकन गर्दै “सामुदायिक वनका २५ वर्षहरू: सहश्राब्दी विकास लक्ष्य प्राप्तिमा योगदान” भन्ने नाराका साथ चौथो गोष्ठी २०६१ श्रावण सम्म काठमाडौंमा सञ्चालन गरियो । सहभागीहरू बीच अनुभवको आदान-प्रदान गरी मूलभूत विषयमा छलफलद्वारा सुझाव दिने उद्देश्य रहेको यस गोष्ठीमा आयोजकको तर्फबाट र उपभोक्ता समूहको तर्फबाट खास कार्यपत्र (Keynote paper) का साथै तिनवटै मूलभूत विषयगत कार्यपत्र र अन्य विषयगत कार्यपत्र प्रस्तुत गरी छलफल गरिएको थियो । गोष्ठी अवधि कम भएता पनि चौथो गोष्ठीमा कार्यपत्र प्रस्तुती र छलफलबाट निचोड निकाल्ने दुबै कार्य गरिएको थियो । कार्यपत्रले उठाएका सवालहरूलाई समूहगत रूपमा छलफल गरी निस्किएको निचोडलाई साझा भेलामा प्रस्तुत गरिएको थियो । २०० भन्दा बढी सहभागी भएको यस गोष्ठीमा ७७ वटा कार्यपत्रहरू प्राप्त भएकाले खास केही कार्यपत्रलाई लेखकद्वारा प्रस्तुत गरेको थियो । मूलभूत कार्यपत्रलाई साझा भेलामा प्रस्तुत गरी बाँकी कार्यपत्र विषयगत रूपमा अलग अलग तिन ठाउँमा प्रस्तुत गरी छलफल गरिएको थियो । यस्को साथै चौथो गोष्ठीमा गोष्ठी आयोजक समितिको अलावा ३ वटा विषयगत समितिको सक्रियतामा कार्यपत्र संकलन, मूल्याङ्कन तथा प्रस्तुतीकरण र छलफलको व्यवस्था मिलाइएको थियो ।

हालसम्म सञ्चालीत चारवटै राष्ट्रिय गोष्ठीको तुलनात्मक विश्लेषण तालिका नं. १ मा देखाइएको छ । सो अनुसार विगतका गोष्ठीको तुलनामा चौथो गोष्ठीको समयावधी छोटो भएता पनि अलिक फरक ढङ्गले सोच्ने र सामुदायिक वनलाई रूख भन्दा फराकीलो दायराले हेर्ने भावना विकास भएको छ । यस अर्थमा सामुदायिक वनको भावी कार्यदीशा रेखाङ्कन गर्न चौथो राष्ट्रिय गोष्ठी धेरै हदसम्म सफल भएको महशुस गरिएको छ ।

**तालिका नं. १: राष्ट्रिय सामुदायिक वन गोष्ठीको तुलनात्मक विश्लेषण**

| विषयताहरू | प्रथम राष्ट्रिय गोष्ठी | दोस्रो राष्ट्रिय गोष्ठी | तेस्रो राष्ट्रिय गोष्ठी | चौथो राष्ट्रिय गोष्ठी |
|---|---|---|---|---|
| १.गोष्ठीमा सहभागिता | • दातृ संस्था, परियोजना र उच्च पदस्थ कर्मचारीहरूको सहभागिता बढी भएको | • दोस्रो गोष्ठीमा प्रथमको तुलनामा केही बढी सहभागिता थियो,<br>• केही उपभोक्ता र गै.स.स. समेत सहभागी थिए । | • उपभोक्ता, गैह्रसरकारी संस्था गा.वि.स., जि.वि.स. लगायत वन कर्मचारी, दातृसंस्था आदिको वृहत सहभागिता भएको । | • उपभोक्ता, गै.स.स., दातृ संस्था, परियोजना लगायत स्थानीय तहदेखि नीतिगत तहसम्मका कर्मचारी, विदेशी समेतको २०० भन्दा बढी सहभागिता भएको । |
| २.गोष्ठीको समयावधि | ४ दिन | ४ दिन | ४ दिन | ३ दिन |
| ३. गोष्ठीको उद्देश्य | • सामुदायिक वन व्यवस्थापनमा उपभोक्ता समूहको भूमिकालाई पहिचान गर्नु । | • उपभोक्ता समूहद्वारा व्यवस्थित वन कार्यक्रमलाई अझ व्यवस्थित र परिस्कृत गर्नु । | • सा.व.को दीर्घकालिन दृष्टिकोण तयार गर्नु र सो को प्राप्तिको लागि सरोकारवालाको भूमिका पहिचान सहितको कार्ययोजना तयार गर्ने । | • सहभागीबीच अनुभवनको आदान प्रदान गर्ने, सा.व. को उचित विकासको लागि सुशासन, जीविकोपार्जन र वनको दिगो व्यवस्थापन जस्ता विषयमा सुझाव तयार गर्ने । |
| ४. गोष्ठी सञ्चालन प्रकृया(विधि) | • ४ जनाको आयोजक समिति,<br>• मुख्यतया कार्यपत्र (१९ वटा) प्रस्तुति र छलफल । | • मुख्य रूपमा कार्यपत्र (२७ वटा) प्रस्तुति र छलफल,<br>• ६ वटा विषयमा छलफल तथा सुझाव प्रस्तुत भएका । | • क्षेत्रीय स्तरका ३ वटा गोष्ठी सञ्चालन गरी राष्ट्रिय गोष्ठीलाई सघाएको,<br>• राष्ट्रिय गोष्ठीमा कार्यपत्र प्रस्तुत नभएको,<br>• सकारात्मक खोज प्रकृयाबाट गोष्ठी सञ्चालन भएको । | • गोष्ठी आयोजक समिति र प्रत्येक मूल विषयगत समितिको सक्रियतामा गोष्ठी आयोजना/ सञ्चालन भएको,<br>• कार्यपत्र प्रस्तुति (७७ ओटा ) र विषयगत छलफलबाट निचोड निकालिएको । |
| ६. गोष्ठीको मूख्य सन्देश | • वनको व्यवस्थापनमा केन्द्रित रहेको,<br>• नीति नियममा परिमार्जन गर्नुपर्ने र उपभोक्ता समूहको भूमिकालाई मान्यता दिई वन कार्यालय र कर्मचारीको भूमिकामा पुन:संरचना गर्ने । | • उपभोक्ता समूहद्वारा वनको व्यवस्थापन नै उपयुक्त विकल्प भएको ।<br>• उपाभोक्ता समूहलाई गठन पूर्व र गठन पश्चात् संस्थागत र प्राविधिक सहयोग दिनु पर्ने,<br>• निजीवन कार्यक्रमलाई सा.व कार्यक्रम सँगै लाने । | • सा.व.का सरोकारवालाको साझा दीर्घकालिन दृष्टिकोण तयार गर्ने र सोको प्राप्तिको लागि प्रतिवद्धता सहितको कार्ययोजना बनेको । | • सा.व. कार्यक्रमले वन भन्दा फराकिलो सोचाइ लिनु पर्दछ र असल शासनद्वारा वनको दिगो व्यवस्थापन गरी जनताको जीविकोपार्जनमा योगदान पुऱ्याउनु पर्दछ । |

अगाडिका राष्ट्रिय गोष्ठीको तुलनामा चौथो गोष्ठी केही फरक भएको र यसमा विशेषताहरू निम्न वमोजिम छन्:

- पहिलाका गोष्ठी प्रायः संस्थागत पक्षमा केन्द्रित हुन्थे भने चौथो गोष्ठी सवालमा आधारित भएको छ । यसले सामुदायिक वनका ३ प्रमुख मूल विषय वनको दिगो व्यवस्थापन, जिवीकोपार्जन र असल वन शासन लाई समेटेको छ,
- पहिलेको गोष्ठीको तुलनामा यस गोष्ठीको आयोजना, सञ्चालन देखि लिएर कार्यपत्र तथा छलफलमा विदेशी विशेषज्ञ भन्दा नेपाली, खास गरेर सरकारी वन विज्ञको स्वामीत्व रहेको छ। यसमा सरकारी कर्मचारीको सक्रिय र निर्णायक भूमीक रहेको थियो,
- सबै सरोकारवालासँग समन्वय गरी आम सहमतीमा र सन्तुलित सहभागीतामा गोष्ठी सञ्चालन भएको थियो,
- चौथो गोष्ठीले विगतका गोष्ठीको समिक्षा गर्दै स्थानीय वन पैदावार र जिवीकोपार्जनका मुद्धा, गरिवी निवारणको राष्ट्रिय मुद्धा र सहश्राव्दी विकास लक्ष्यको अन्तर्राष्ट्रिय मुद्धा समेतलाई समेटेको छ,
- क्यानडाको क्यूवेकमा भएको वाह्रौ विश्व वन सम्मेलनका विषयलाई समेटी आगामी हुने क्षेत्रीय गोष्ठीलाई समेत यस चौथो राष्ट्रिय गोष्ठीले पृष्ठ पोषण गर्नेछ,
- यस गोष्ठीमा कार्यपत्र प्रस्तुती, विषयगत छलफल र निश्कर्ष निकाली आम भेलामा पुनः प्रस्तुत गरिएको थियो ।

## चौथो राष्ट्रिय गोष्ठीका निचोडहरु

चौथो राष्ट्रिय गोष्ठीमा कार्यपत्र प्रस्तुती पश्चात् सुशासन, जीविकोपार्जन र दिगो वन व्यवश्थापन गरी तीनवटै विषयगत समूहले आपसमा छलफल गरी निश्कर्ष निकालेका थिए । गोष्ठीका मूख्य निचोडहरू तपसील बमोजिम छन् ।

### दिगो वन व्यवस्थान

दिगो वन व्यवस्थापन समूहले सिल्भिकल्चर, मापदण्ड र सुचकाङ्क, वन पैदावार संकलन तथा प्रमाणीकरण, गैह्रकाष्ठ वन पैदावार र जैवीक विवीधता संरक्षणमा अलग अलग सुझाव तयार गरेको थियो । मूख्य सुझावहरू यस प्रकार छन्:

- दिगो वन व्यवस्थापनको मापदण्ड र सुचाङ्क तयार गर्ने र वन व्यवस्थापनका ज्ञान र सिपलाई अझ विकास गर्ने,
- स्थानीय र राष्ट्रिय स्तरमा प्रमाणीकरण गर्न छुट्टै मापदण्ड तयार गर्ने,
- स्थानीय निकाय र उपभोक्ता समूहबीच समन्वय गर्दै. उपभोक्ता समूहको योजना गा.वि.स. र जि.वि.स.को योजनामा समेत समायोजन गर्ने ,
- वन कार्य योजनामा सामुदायिक विकास तथा व्यवसायिक विकासका कार्य समेत समावेश गर्ने र व्यवसायिक योजना, जिवीकोपार्जन योजना, कटान संकलन योजना जस्ता छुट्टै उपयोजना बनाउनु पर्ने,
- स्थानीय श्रोत व्यक्तिको पहिचान गरी कार्य योजना तयारी लगायतका कार्यमा परिचालन गर्नुपर्ने र उनीहरूको कार्यलाई वैधानिकता दिनुपर्ने,
- काँटछाँटको प्रकृयालाई परिस्कृत गर्ने,

- गैह्र काष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र वजारीकरणको लागि स्पष्ट नीति र कार्यनीति तयार गर्ने र त्यसमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,
- जैवीक विवीधता संरक्षणका लागि नीति तथा तालिममा वढावा दिंदै जैवीक विवीधताको अभिलेख तयार गर्ने,
- सहभागितामूलक रूपमा जिल्ला स्तरीय वन कार्ययोजना तयार गरी सबै वनको व्यवस्थापनलाई समेट्ने ।

**जीविकोपार्जन**

जिवीकोपार्जन विषय समूह अन्तरगत तयार पारिएको सुझावहरू मध्ये प्रमुख सुझाव यस प्रकार छन्:

- गरिबी न्यूनीकरणका लागि सा.व.को जग्गा छुट्याउनु पर्ने कम्तिमा २५% उपभोक्ता समूहको कोशको रकम गरिवीन्यूनिकरणमा खर्च गर्नु पर्ने,
- वनको जग्गाको प्रभावकारी उपयोग योजना तयार गरी गरीब उपभोक्ताको उद्यमशीलता विकास लगायतका कार्यक्रमबाट आय वृद्धि गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने,
- गरिबमुखी कार्यक्रमको लागि स्पष्ट नीति र कार्यक्रम तर्जुमा गरी त्यसमा धनी तथा सवल समूहलाई समेत अभिमुखीकरण गर्ने,
- उपभोक्ता समूहमा सम्पन्नता स्तरीकरण गरी जिवीकोपार्जन योजना तर्जुमा गरी लागु गर्ने,
- गरीवमुखी नीति तर्जुमाको लागि खुला छलफल गरी सोही अनुसार योजना तर्जुमा, अभिमुखीकरण तालिम र अध्ययन अनुसन्धानमा जोड दिने,
- सरकारी, गैह्रसरकारी संघ संस्थाबीचमा औपचारीक एवं अनौपचारीक संस्थागत सम्बन्ध विस्तार गरी सामुदायिक वन कार्यक्रमलाई जिवीकोपार्जनमुखी बनाउन एकिकृत प्रयास गर्ने ।

**असल शासन**

असल शासन विषय समूहबाट तयार भएका मूख्य सुझाव यस प्रकार छन्:

- नीतिमा र सबै कार्यन्वयन तहमा  सुशासनका मापदण्ड र सुचाङ्क निर्धारण हुनुपर्ने,
- सम्बन्धीत सबै पक्षको भूमीका र दायित्वको स्पष्ट किटानी हुनुपर्ने,
- अभ्यासको सिकाइको आधारमा नीति तयार गरिनु पर्ने र नीति निर्माण प्रकृया पारदर्शी र प्रजातान्त्रीक हुनुपर्ने,
- मागको आधारमा सेवा दिने र सेवाको गुणस्तर किटान हुनुपर्ने,
- सामुदायिक वन उपभोक्ता समूहलाई अन्य निकायसँग समन्वय गराउँदै स्थानीय विकास इकाइको रूपमा विकास गर्नुपर्ने,
- सामुदायिक वनका सिकाइ र अनुभवलाई अन्तर्राष्ट्रियकरण गर्न राज्य तथा सम्बन्धीत सबै पक्षले पहल गर्नुपर्ने,
- सामुदायिक वनको विधान तथा कार्ययोजना निर्धारीत प्रकृया अनुसार तयार गर्नुपर्ने र प्राविधीक र सामाजिक पक्षको साथै विधान र कार्य योजनामा सुशासनका पक्षहरू जस्तैः लैङ्गीक समानता, सामाजिक न्याय, सामाजिक समावेशीकरण, सामाजिक परिक्षण आदि समावेश गरिनु पर्ने,
- टोल र ईच्छा समूह तहबाट सवालहरूलाई सबै वर्ग तह र तप्काका उपभोक्ताहरूको सक्रिय सहभागितामा योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने,

- सिकाईमुखी स्वअनुगमन प्रकियालाई सबैतहमा संस्थागत गर्ने,
- गरिब, महिला र पछाडी पारिएका वर्गका लागि श्रोतको समानुपातिक वितरण र लक्षीत कार्यक्रम सञ्चालन गरिनु पर्ने ।

**निष्कर्ष**

सामुदायिक वन कार्यक्रम आफैमा सहभागीतामूलक र विकेन्द्रीत कार्यक्रम भएको र यसको परिमार्जन गर्नमा राष्ट्रिय गोष्ठी सफल हुँदै आएको छ । राष्ट्रिय गोष्ठीले राम्रा अनुभव, आइपरेका सामस्या र देखा परेका सवालहरूलाई आपसी छलफलबाट निश्कर्षमा पुऱ्याई भविष्यको रेखाङ्कन गर्न उपयोगी भएको छ । सामुदायिक वनको दिगो व्यवस्थापनबाट वन पैदावार लगायतका धेरै वस्तु र सेवा प्राप्त गर्न सकिन्छ । यी वस्तु र सेवाको पहुँचबाट उपभोक्ताको जिवीकोपार्जनमा उल्लेखनीय योगदान पुऱ्याउँछ । वनको दिगो व्यवस्थापन र जिवीकोपार्जन सुधारको लागि असल वन शासन अत्यावश्यक बनेको छ । त्यसैले चौथो राष्ट्रिय गोष्ठीले यि तीनै मूलभूत विषयको सेरोफेरोमा छलफल गरी निश्कर्ष निकालेको छ । सामुदायिक वनको थप विकासको लाागि चौथो राष्ट्रिय गोष्ठी कोशेढुङ्गा सावीत भएको छ ।

**८ सन्दर्भ सामग्री**

Acharya, D.P., Shrestha R., and Niraula, D.R., (1998): Community Forestry for Everybody Forever. Proceeding of the Third National Community Forestry Workshop, 27-29 October, 1998, Kathmandu, Nepal.

Banko Janakari, (1967): Community Forest Management (The First National Community Forestry Workshop. Vol 1, No 4. Forest Research Division, Kathmandu Nepal.

Banko Janakari, (1993): The Second National Community Forestry Workshop, Vol 4, No 1. Forest Research Division, Kathmandu Nepal.

CFD, (2004): of Fourth National Workshop on Community Forestry. 25 Years of Community Forestry Contribution to the Millennium Development Goals (Boucher). Community Forestry Division (CFD), Department of Forest, Kathmandu, Nepal.

FUG database, 2061: Community Forestry Division, Department of Forest, Kathmandu, Nepal.

(लेखक वन विभाग, सामुदायिक वन महाशाखामा कार्यरत हनुहुन्छ ।)